बैठक संख्याः १६/२०८०/०८१

मितिः २०८१/०३/०९

समयः दिउँसो १२:०० बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | देवीलाल विक | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |
| अन्य | | | | |
| १९ | गणेश ओली | | लेखा अधिकृत | भूमे गा.पा. |
| २० | प्रेम प्रसाद भट्टराई | | अधिकृत छैठौं | ,, ,, |
| २१ | कौशल कुमार तिवारी | | शिक्षा अधिकृत | ,, ,, |
| २२ | विर बहादुर कैराली | | [illegible] | ,, ,, |

*भूमे गाउँपालिका, रुकुम (पूर्व)*

*बैठक सं. १६/०८०-८१ मिति २०८१/०३/०९ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब*

**प्रस्तावहरु:**

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १. | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा । | |
| २. | कार्य प्रगति र सेवा प्रवाह समीक्षा सम्बन्धमा । | |
| ३. | वार्षिक बजेटमाथि छलफल तथा प्रस्तुतिका लागि पेश सम्बन्धमा । | |
| ४. | विनियोजना ऐन तथा राजश्वको अनुमान प्रस्तुत गर्ने सम्बन्धमा गर्ने सम्बन्धमा । | |
| ५. | आर्थिक विधेयक २०८१ मा छलफल तथा प्रस्तुतिका लागि पेश सम्वन्धमा । | |
| ६. | बिनियोजन विधेयक २०८१माथि छलफल तथा प्रस्तुतिका लागि पेश सम्वन्धमा । | |
| ७. | भूमे गाउँपालिकामा सञ्चालन हुने तालिम, गोष्ठी, कार्यक्रमका सहभागिहरुलाई उपलब्ध गराइने आतेजाते यातायात खर्च मापदण्ड, २०७९ संशोधन सम्बन्धमा । | |
| ८. | भ्रमण खर्च अनुमोदन गर्ने सम्बन्धमा । | |

<u>भूमे गाउँपालिका, रुकुम (पूर्व)</u>

<u>बैठक सं. १६/०८०-८१ मिति २०८१/०३/०९ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब</u>

<u>निर्णय नं. १:</u>

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को बैंठक संख्या १५ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा ६ वटा निर्णयहरुमध्ये ४ वटा निर्णय कार्यान्वयन भएको बाँकी निर्णण तत्काल कार्यान्वयनमा जोड दिनुपर्ने निश्कर्ष निकालियो।

<u>निर्णय नं. २:</u>

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा / इकाई / वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो

<u>निर्णय नं. ३:</u>

भूमे गाउँपालिकाको आगामी आर्थिक २०८१।८२ को वार्षिक वजेट तथा कार्यक्रम विषयगत समितिबाट प्राप्त सुझावहरु समेट्दै गाउँ कार्यपालिकामा छलफल गरी प्रस्तुतिका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४:</u>

भूमे गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१।८२ को विनियोजन ऐन तथा राजश्वको अनुमान बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं भूमे गाउँपालिकाका उपाध्यक्ष सविना बुढाद्वारा मिति २०८१।०३।१० गतेको गाउँ सभा बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ५:</u>

भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को समग्र आर्थिक व्यवस्थापन सम्बन्धीको आर्थिक विधेयक गाउँ कार्यपालिकामा छलफल भइ प्रस्तुतिका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६:</u>

भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ मा विनियोजन व्यवस्थापन सम्बन्धीको विनियोजन विधेयक गाउँ कार्यपालिकामा छलफल भइ प्रस्तुतिका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ७:</u>

भूमे गाउँपालिकामा सञ्चालन हुने तालिम, गोष्ठी, कार्यक्रमका सहभागिहरुलाई उपलब्ध गराइने आतेजाते यातायात खर्च मापदण्ड, २०७९ उपर छलफल गरी आवश्यक संशोधन गर्न अध्ययन अनुसन्धान तथा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

विक्रम पुन मगर - संयोजक
प्रेम प्रसाद भट्टराई - सदस्य
सन्तोष घर्ति मगर - सदस्य

निर्णय नं. ८:

सन् २०२४ मार्च १३ देखि छिमेकी राष्ट्र चिनमा सञ्चालन भएको 14th China International Fertilizer Show Programme (FSHOW 2024) मा भूमे गाउँपालिकाबाट गाउँपालिकाका उपाध्यक्ष श्री सविना बुढा र भूमे गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष श्री विक्रम पुन मगर सहभागी हुनुभएकोमा सहभागी हुदाँ भएको खर्च अन्तराष्ट्रिय भ्रमण सम्बन्धी मापदण्ड बमोजिम सदर गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

---

निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| ——— | ——— | फरक मत नरहेको ——— | |